लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं :- २०८०/८१
च.नं :-

मिति : २०८०।०४।१७

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८०।०४।१७)**

**विषय: प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

यस निर्देशनालयको आ.व. २०८०।८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार शैक्षिक पहुँच तथा गुणस्तर सुधार प्रयोजनका लागि पूर्वाधार निर्माण तथा अन्य शैक्षिक कार्यक्रम उपलब्ध गराउने कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयहरुका लागि निम्न लिखित पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रम सञ्चालन गर्न चाहने यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुले निम्न लिखित कागजात सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। एक भन्दा बढी कार्यक्रम माग गर्ने विद्यालयले अलग-अलग प्रस्ताव पेश गर्नुपर्ने छ। म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

**कार्यक्रमहरु**

१. सामुदायिक विद्यालयहरुमा कक्षा कोठा निर्माण।
२. सामुदायिक विद्यालयहरुमा शौचालय निर्माण।
३. सामुदायिक विद्यालयहरुमा कम्पाउण्डवाल (पर्खाल) निर्माण।
४. विद्यालयमा स्वच्छ खानेपानी व्यवस्था।
५. विद्यालय मर्मत तथा भौतिक सुधार।
६. धार्मिक विद्यालयहरुमा पूर्वाधार सहयोग।

**निवेदन सहित संलग्न गर्नु पर्ने कागजातहरु**

१. प्रस्तावना पत्र
२. विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकबाट प्रमाणित अद्यावधिक विद्यालय सुधार योजना
३. कार्यक्रम माग सम्बन्धमा विद्यालय ब्यवस्थापन समिति बैठकको निर्णयको प्रमाणित प्रतिलिपि
४. आ व २०७८/७९ को लेखा परीक्षण प्रतिवेदन
५. आ व २०७८।७९ को सामाजिक परीक्षण प्रतिवेदन
६. २०८० सालको कक्षागत विद्यार्थी सहितको एकिकृत तथ्याङ्कको प्रतिलिपि
७. विद्यालय ब्यवस्थापन समिति गठन भएको आधिकारिक निर्णय प्रतिलिपि
८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
९. धार्मिक विद्यालयको हकमा धार्मिक विद्यालयको नाममा रहेको जगाको लालपुर्जा र सम्बन्धित निकायबाट प्रदान गरिएको विद्यालय सञ्चालनको अनुमतिपत्र

*(पुनश्च: विद्यालय ब्यवस्थापन समिति गठन नभएको र २०८० सालको तथ्याङ्क अद्यावधिक नगरेका विद्यालयहरुलाइ कार्यक्रममा समावेश गरिने छैन। प्रस्तावको ढाँचा यसै साथ संलग्न गरीएको छ।)*

( यम बहादुर के.सी. )
नि. निर्देशक

**बोधार्थ**

**श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)** : उल्लेखित सूचना त्यहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु अनुरोध छ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्यूठान/दाङ/बाँके** : उल्लेखित सूचना तहाँको वेब साइटमा

**सामुदायिक विद्यालयमा कक्षाकोठा निर्माण, शौचालय निर्माण, कम्पाउण्डवाल (पर्खाल) निर्माण, स्वच्छ खानेपानी व्यवस्था, विद्यालय मर्मत तथा भौतिक सुधार र धार्मिक विद्यालयहरुमा पूर्वाधार सहयोग अनुदानका लागि प्रस्तावको ढाँचा**

**प्रस्तावको ढाँचा**

१. **विद्यालयको संक्षिप्त चिनारी**

२. **विद्यालयको भौतिक अवस्था**

क) क्षेत्रफल: ......... (लालपूर्जा वा स्थानीय तहबाट भोगाधिकार लिएको पत्र समेत संलग्न गर्ने)

ख) भवन संख्या :

ग) कोठा संख्या : १. कक्षाकोठाको रुपमा प्रयोग भएको संख्या

२. पुस्तकालयको रुपमा प्रयोग भएको संख्या

३. प्रयोगशालाको रुपमा प्रयोग भएको संख्या

४. कार्यालयको रुपमा प्रयोग भएको संख्या

५. सभाहलको रुपमा प्रयोग भएको संख्या

घ) शौचालयको अवस्था : छात्र/छात्रा/स्टाफको लागि अलग –अलग छ वा छैन, कति क्षमताको छ (सरदर कति विद्यार्थीले प्रयोग गर्दै आएका छन), वास सुविधा सहितको छ वा छैन खुलाउने

ङ) कम्पाण्डवाल : विद्यालयले चर्चेको क्षेत्रफल खुलाउने, विद्यालयले कति लगाएको छ वा छैन वा कति बाँकी छ, कच्ची/ पक्की के छ खुलाउने

च) खानेपानीको अवस्था : हाल विद्यालयमा उपलब्ध पानीको स्रोत धारा/ट्युबवेल/इनार/अन्य, पानी सञ्चय गर्न ट्याङ्कीको ब्यबस्था छ/ छैन, छ भने कति क्षमताको छ ? स्रोतबाट ट्याङ्कीमा पानी तान्न मोटरको ब्यबस्था छ/ छैन? छ भने कति क्षमताको छ ? टयाङ्कीको पानीलाइ पिउन योग्य बनाउन फिल्टरको ब्यबस्था छ/छैन ? छ भने प्रति घण्टा कति लिटर क्षमताको छ ? खुलाउने

छ) खेल मैदान : क्षेत्रफल, प्रयोगयोग्य भए/नभएको

ज) पुस्तकालयको अवस्था

झ) अन्य केही भए उल्लेख गर्ने

३. **विद्यार्थी विवरण** : जम्मा सञ्चालित कक्षा, कक्षागत, छात्र/छात्रा सहित सम्बन्धित स्थानीय तहको शिक्षा शाखाबाट प्रमाणित हुनुपर्नेछ।

| **कक्षा** | **छात्रा** | **छात्र** | **जम्मा** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ......... | | | |
| जम्मा विद्यार्थी | | | |

४. **शिक्षक विवरण**: तहगत,स्वीकृत दरबन्दी, राहत, अनुदान, निजी श्रोत (सबै शिक्षकको विवरण शैक्षिक योग्यता सहित)

५. **विद्यालय व्यवस्थापन समिति**, शिक्षक अभिभावक संघ गठन सम्बन्धी विवरण

६. **आ.व. २०७५/७६ देखि २०७९/८०** सम्ममा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहबाट उपलब्ध अनुदान र सो अनुदानबाट सम्पन्न भएको विवरण :

| आ.व. | कार्यक्रम उपलब्ध गराउने निकाय | उपलब्ध भएको कार्यक्रम | उपलब्ध गराइएको रकम | सम्पन्न भएको काम | कैफियत |
|---|---|---|---|---|---|
| २०७५।७६ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७६।७७ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७७।७८ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७८।७९ | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |
| २०७९।८० | १.<br>२.<br>३. | १.<br>२.<br>३. | १.<br>२.<br>३. | | |

(विद्यालयले आफ्नै पहलमा अन्य स्रोत जुटाइ सम्पन्न गरेको भए सो समेत उल्लेख गर्ने)

७. **माग गरेको प्रस्तावित कार्यक्रम:**

८. **माग गरेको कार्यक्रमको उद्देश्य र औचित्यताको पुष्टयाई:**

९. **अनुमानित लागत:**

१०. **स्रोत व्यवस्थापन:**

११. **कार्य योजना:**

१२. **अपेक्षित नतिजा:**

१३. **निष्कर्ष:**